# नगर संवाद

नगर सन्देश वा:पौ(साप्ताहिक)

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अंक १० ● ने.सं. ११४० पोहेलागा एकादशि ● वि.सं. २०७६ माघ ६ गते, सोमबार ● 2020 January 20 Monday ● पृष्ठ ८


# कीर्तिपुरमा २२ औं भूकम्प सुरक्षा दिवस मनाइयो

## राम्रो भन्दा बलियो घर बनाउन आग्रह

हरेक वर्ष मनाइँदै आएको राष्ट्रिय भूकम्प सुरक्षा दिवस कीर्तिपुर नगरपालिकाले माघ ४ गते शनिवार प्रभातफेरी कार्यक्रमको आयोजना गरी मनाएको छ। वि.सं. १९९० साल माघ २ गतेका दिन २ बजेर २४ मिनेट जाँदा गएको महाभूकम्पको स्मृतिमा नेपाल सरकार गृह मन्त्रालयको संयोजकत्वमा वि. सं. २०५५ साल देखि हरेक वर्ष माघ २ गतेलाई भूकम्प सुरक्षा दिवसको रुपमा मनाइँदै आइरहेको हो। यस वर्ष पनि माघ २ गते राष्ट्रिय स्तरमा भक्तपुरमा राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाइएको थियो भने कीर्तिपुर नगरपालिकाले शनिवार मात्र यो दिवस मनाएको हो।

कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले रिबन काटी उद्घाटन गर्नुभएको प्रभातफेरी कार्यक्रम कीर्तिपुर नगरपालिकाको नयाँ भवनबाट शुरु भई अमल्सि, पाँगा, नगाउँ हुँदै खासिबजारमा पुगी समापन भएको थियो।

भूकम्पलाई रोक्न नसकिए पनि बेलैमा सचेत भई पूर्वतयारी गरिएमा भूकम्पबाट हुन सकने अपार जनधनको क्षतिलाई धेरै हदसम्म घटाउन सकिन्छ भन्ने तथ्यलाई विकसित राष्ट्रहरूले प्रमाणित गरेर देखाइसकेका छन्। त्यसैले भूकम्प प्रति सचेत रहनु नै भूकम्पबाट हुने क्षतिबाट जोगिनु हो। यसै यथार्थलाई दृष्टिगत गरी मार्ग निर्देशन बमोजिम कीर्तिपुर नगरपालिकाले धेरै बर्ष अगाडि देखि मनाउँदै आएको भूकम्प सुरक्षा दिवस यसपालि पनि "भूकम्पबाट सुरक्षित पूर्वाधार, दिगो सुख र समृद्धिको आधार" भन्ने मूल नाराका साथ २२ औं भूकम्प सुरक्षा दिवस भव्य रुपमा सम्पन्न गरेको हो।

समापन कार्यक्रममा कीर्तिपुर नगरपालिकाका विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समितिका सदस्य सचिव कृष्ण भोला महर्जन, भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालका निर्देशक तथा भूकम्प विज्ञ विजय उपाध्यायले भूकम्पीय जोखिमको विषयमा र अबका दिनमा पूर्वतयारीका




साथ लाग्नु पर्ने कुरा राख्नु भएको थियो।

भूकम्प सुरक्षा दिवसको अवसरमा हामी सम्पूर्ण पक्षहरूसित प्रकोप र विकासको अन्तरसम्बन्धबारे व्यापक रुपमा छलफल तथा बहसको आयोजना गर्नु पर्ने प्रभातफेरी कार्यक्रममा सहभागीहरूको कुरा आएको भन्ने कीर्तिपुर नगरपालिका विपद् विज्ञ हर्षमान महर्जनले बताउनुभयो।

भूकम्पबाट हुने आर्थिक, सामाजिक र भौतिक प्रभावलाई न्यूनीकरण गर्न एकीकृत स्रोतगत, संस्थागत एंव व्यवस्थापकीय अवधारणाको विकास गर्न सकेमा यसको प्रभाव न्यून गर्न सक्छौ र कीर्तिपुर नगरपालिकाको अठोट प्रयास लगायत नागरिक समाज, निजी क्षेत्र, समुदाय तथा गैरसरकारी संस्थाहरू आदिको सहकार्यले मात्र उक्त लक्ष्य प्राप्त हुन सक्ने हुँदा सम्पूर्ण जनसमुदाय तथा सरोकारवालाहरूबाट थप योगदान एंव निरन्तर सहभागिताको लागि हार्दिक अनुरोध गर्दै कीर्तिपुर नगरपालिका वडा नं. ९ का अध्यक्ष तथा पुनःनिर्माण तथा विपद् व्यवस्थापन समितिका संयोजक गंगाराम महर्जनले भूकम्पीय जोखिमबाट बच्न घर तथा भवनहरू राम्रो भन्दा पनि बलियो बनाउन अनुरोध गर्नुभयो।

भूकम्पीय जोखिम न्यूनीकरण, प्रतिकार्य, पूर्वतयारी तथा सुरक्षित भवन निर्माण लगायतका विषयमा यथेष्ट र प्रभावकारी प्रचार प्रसार हुन सके जनमानसमा चेतनाको विकास र विस्तार भई आगामी दिनहरुमा भूकम्पबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण हुने देखिन्छ। प्रभातफेरी कार्यक्रममा स्थानीय निकायका जनप्रतिनिधिकहरू लगायत बिभिन्न संघ संस्था, विद्यालय, नेपाल रेडक्रस सोसाईटी, कीर्तिपुर उपशाखा, सुरक्षा निकायहरू विभिन्न प्लेकार्ड सहित सहभागी भएका थिए।

## सम्पादकीय

# समृद्ध कीर्तिपुरका लागि सुसूचित अभियान

करिब २ वर्ष अगाडि नगरपालिकाको दोस्रो निर्वाचनबाट निर्वाचित भए पछि नगरपालिकाको वर्तमान नेतृत्वले आफ्नो स्रोत साधन र क्षमताले भ्याएसम्म कीर्तिपुरको विकास निर्माण र कीर्तिपुरवासीको समृद्धिका लागि अहोरात्र लागि परिरहेको यहाँहरुलाई अवगत नै छ। यस क्रममा अझै पनि नगरभित्रका दाजुभाइ दिदी बहिनीको बढ्दो आकांक्षा र अपेक्षा पूर्ण रुपमा पुरा गर्न विविध कारणले नसकिएको यथार्थ विनम्रतापूर्वक स्वीकार गर्दछौं। यद्यपि बाहिर बजार हल्लामा सुनिए जस्तो हामी केही नगरी बसिरहेका थिएनौं। जुन तपाईंबाट पक्कै लुकेको विषय थिएन। यसै क्रममा हामीले गरेका र हाम्रो नगरपालिका भित्र नगरपालिका, नगरपालिकामा दर्ता भई अनुमति लिई विभिन्न सामाजिक संघ संस्थाले गरेका, प्रदेश सरकार र संघीय सरकारले गरेका विभिन्न विकास निर्माण, सामाजिक विकास लागायतका कार्यहरूको बारेमा समेत यथेष्ट मात्रामा जानकारी र सूचना नगरवासी समक्ष नपुगेको हामीले अनुभव गरेका छौं। यही सूचनाभावले सृजना भएका भ्रम निवारण गर्ने र नगरपालिकाको गतिविधि जनताबीच पारदर्शी रुपमा सत्य र तथ्यपूर्ण तवरले जानकारी प्रवाह गर्ने पवित्र उद्देश्यका साथ गत मंसिर महिनादेखि तपाईंसमक्ष यो नगर सन्देश पस्कन थालेका थियौं। हामी यस सन्दर्भमा यहाँहरूको रचनात्मक सुझाव, प्रतिक्रिया, स्वस्थ आलोचना तथा मार्ग निर्देशनको प्रतिक्षामा छौं।

हिजो निर्वाचनामा हामीले यहाँहरूसमक्ष गरेको बाचाअनुसार नै हामी हाम्रो प्राकृतिक तथा मानवीय स्रोतहरूको संरक्षण, परिचालन र सन्तुलित वितरण प्रणाली अपनाई समग्र कीर्तिपुरको सन्तुलित विकास गर्ने पवित्र कार्यमा समर्पित छौं। त्यस्तै बहू-धार्मिक, बहू-सांस्कृतिक, बहू-भाषिक कीर्तिपुरको प्राग-ऐतिहासिक कालदेखि आधुनिक युगसम्मका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण सम्बर्द्धन र प्रचार प्रसार गरी कीर्तिपुर र कीर्तिपुरवासीको साख र पहिचानको जगेर्ना गर्ने कार्यमा यहाँहरूकै राय सुझाव र सरसल्लाह अनुसार अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

कीर्तिपुरले नेपालको विभिन्न काल खण्डमा भएका राजनीतिक परिवर्तनका आन्दोलनहरूमा निर्वाह गरेको ऐतिहासिक भूमिका महत्त्वपूर्ण र उल्लेखनीय रहेको यथार्थ कसैबाट लुकेको छैन तर प्रत्येक परिवर्तन पछि कायम रहेको राजनैतिक व्यवस्थाले कीर्तिपुरलाई कुनै महत्त्व दिएन यो पनि तीतो यथार्थ हो। यस्तो परिस्थितिमा हामी आफ्नै बलबुतामा अब कीर्तिपुरको समृद्धिको यात्रामा निस्केको छौं। यो समृद्धिको यात्रामा कुनै पनि किसिमको पूर्वाग्रह बिना हामी तपाईंको साथ र सहयोगको अपेक्षा राख्दै हिजो निर्वाचनाको बेलामा नेपालको संविधानले दिएको अधिकार प्रयोग गरी जो जुनसुकै पक्षमा लागेको भए पनि आज हामी कीर्तिपुरका जनतालाई समभाव र समदुरी राखी अगाडि बढ्ने छौं। यसमा तपाईंको सहयोगको कीर्तिपुर नगरपालिका परिवार अपेक्षा गर्दछ। जय कीर्तिपुर, जय कीर्तिपुरवासी।

# समृद्धिको यात्रामा कीर्तिपुरका चुनौति र सम्भावनाहरू : ३

**रत्न महर्जन**

२. त्रिभुवन विश्वविद्यालयको स्थापना यस भेगमा हुनुः

कीर्तिपुरमा त्रिभुवन विश्वविद्यालय रहनु कीर्तिपुरको विकास र समृद्धिका लागि बरदानका रुपमा रहनु पर्दथ्यो तर राज्य र स्वयम् त्रि.वि.का नीति निर्माता तहका व्यक्तिहरूमा कीर्तिपुर प्रतिको पूर्वाग्रहपूर्ण सोच र व्यवहार तथा कीर्तिपुरका स्थानीयको अज्ञानता र बेवास्ताका कारण त्रि.वि. कीर्तिपुरको विकास, निर्माण र समृद्धिका लागि अभिशाप बनेको छ। यद्यपि त्रि.वि. का कारण रोजगारीका सिमित अवसर भने कीर्तिपुवासीले पनि पाए, कीर्तिपुर न.पा.को कीर्तिपुर नयाँ बजार र पाँगा क्षेत्रमा केही आर्थिक गतिविधि वृद्धि भए तापनि कीर्तिपुर डाँडा भन्दा दक्षिणी क्षेत्रका प्रायः सम्पूर्ण बस्ती विकासको छायाँमा पर्न बाध्य भएको छ। यदि कीर्तिपुमा त्रि.वि. नबसी दिएको भए सम्भवतः काठमाडौंको पहिलो चक्रपथ चम्पादेवी डाँडाको फेदतिर कीर्तिपुर पाँगा भन्दा दक्षिणमा बन्थ्यो जसले यस क्षेत्रको समग्र विकासमा अकल्पनीय योगदान पुग्थ्यो। त्रि.वि.ले अवरोध नगरेको भए चक्रपथ कीर्तिपुर डाँडा र पांगालाई भित्र पारेर बन्थ्यो। चक्रपथले कीर्तिपुर नगरलाई नछुनुको कारण नै त्रि.वि. हुन पुग्यो। यसरी चक्रपथ कीर्तिपुरभित्र पर्ने गरी बनाइएको भए यस क्षेत्रमा थुप्रै ठूला व्यापारिक प्रतिष्ठान, उद्योग कलकारखाना र शैक्षिक केन्द्र बन्ने थिए। यी थोरै मात्र उदाहणले पनि कीर्तिपुरको समृद्धिमा त्रि.वि. बाधक भएको पुष्टि हुन्छ।

### मेरो धारणा

चक्रपथले कीर्तिपुर नगरलाई नछुनुको कारण नै त्रि.वि. हुन पुग्यो। यसरी चक्रपथ कीर्तिपुरभित्र पर्ने गरी बनाइएको भए यस क्षेत्रमा थुप्रै ठूला व्यापारिक प्रतिष्ठान, उद्योग कलकारखाना र शैक्षिक केन्द्र बन्ने थिए। यी थोरै मात्र उदाहणले पनि कीर्तिपुरको समृद्धिमा त्रि.वि. बाधक भएको पुष्टि हुन्छ।

३. कीर्तिपुरबाट राष्ट्रिय व्यक्तित्व निर्माण हुन नसक्नुः

आधुनिक नेपालको निर्माण कालदेखि वर्तमान सम्ममा पनि कीर्तिपुर क्षेत्रबाट राजनैतिक तथा प्रशासनिक क्षेत्रमा उल्लेखनीय राष्ट्रिय व्यक्तित्वको निर्माण हुन सकेको छैन। यो पनि कीर्तिपुरको समग्र उन्नतीमा आशातीत परिणाम नदेखिनुको एउटा कारण हो। कर्मचारी तन्त्रमा समेत खासै उल्लेखनीय रुपमा यहाँका व्यक्तिहरू माथिल्लो तहमा पुगेका छैनन्। हाल बसाइ सराइ गरेर यहाँ आएका तथा अस्थायी रुपमा यहाँ बसेका व्यक्ति, व्यक्तित्व लोक सेवा आयोग, राष्ट्रिय योजना आयोग, अदालत र निजामति क्षेत्र लगायतका निकायमा नेतृत्वदायी तहमा पुगे तापनि तिनमा कीर्तिपुर र कीर्तिपुरवासीप्रति अपनत्व भावनाको अभाव, स्थानीय नेतृत्वसँग सम्पर्क र समन्वयको अभाव र निजहरूमा आफ्नो जन्मभूमितिर बढी समर्पण र ध्यानले तिनको पहुँच राज्यमा छ भन्ने अनुभूति यस नगरले गर्न पाएको छैन।

४ साझा सवालमा मूलधारका राजनीतिक दल बीच सहकार्य र समान दृष्टि कायम रहन नसक्नु :

कीर्तिपुरको समृद्धिको यात्रामा राष्ट्रिय राजनीतिमा निर्णायक भूमिका भएका मूलधारका राजनीतिक दलका स्थानीय नेता कार्यकर्ताबीच साझा सवालमासमेत सहकार्य र समान दृष्टि कायम नरहनु अर्को बाधाका रूपमा रहेको छ। नीति निर्माण गर्दा र बनेका नीति कार्यान्वयन गर्दा यसले निकै अवरोध सृजना गरेको छ। यसमा केही हदसम्म जातीयता र क्षेत्रीयता समेतले भूमिका खेलेको देखिन्छ। जसरी पञ्चायत विरोधी आन्दोलन-२०४६, जनमत संग्रह-२०३६, गणतन्त्र प्राप्तीको आन्दोलन २०६२-६३ जस्ता ऐतिहासिक घटनामा मुद्दामा यहाँका राजनीतिक दलका नेता कार्यकर्तामा आत्मविश्वास, सहकार्य र समदृष्टि देखिएको थियो त्यस्तै गरी कीर्तिपुरको विकास निर्माण र समृद्धिका लागि हुने कार्य र अभियानमा पनि सहकार्य र समदृष्टि कायम भए अझै पनि कीर्तिपुरको विकास र समृद्धि धेरै टाढाको विषय रहने छैन। अहिले पनि कीर्तिपुरको समृद्धिमा अहम् भूमिका खेल्न सक्ने केही राष्ट्रिय तथा क्षेत्रीय योजनाहरूमा कीर्तिपुरका नेता कार्यकर्ता र सामाजिक अभियन्ताहरूमा रहेको मतभिन्नता र असमान दृष्टिकोणले समस्या सृजना गरेका छ। त्यसमा जतिछिटो समान धारणा र दृष्टिकोण बनी योजना कार्यान्वयन भई सम्पन्न हुन्छ त्यति छिटो कीर्तिपुरको समृद्धि सम्भव छ। त्यस्ता केही समान धारणा र दृष्टिकोण बन्न नसकेको योजनाहरूमा चोभारमा प्रस्तावित सुख्खा बन्दरगाह, चर्चामा रहेको काठमाडौं बाहिरी चक्रपथ, कीर्तिपुरको सल्यानस्थानलाई केन्द्र बनाई गरिने बस्ति विकास योजना, चम्पादेवी केवलकार परियोजना, राष्ट्रिय जातीय संग्रहालय सञ्चालन, कीर्तिपुर नगरबस सञ्चालन, नयाँबजार क्षेत्रको सडक र ट्राफिक व्यवस्थापन, विद्यालय सञ्चालन नीति, त्रिभुवन विश्वविद्यालयसँगको सम्बन्ध र सञ्चालनमा कीर्तिपुरको भूमिका, लेबोरेटरी स्कूल, गणेशमान सिं पोलिटेक्निक इन्स्टिच्यूटको स्थापना र सञ्चालन आदि आदि पर्छन्। माथि उल्लेखित योजनामा समानधारणा बनी सञ्चालन हुन सके कीर्तिपुरको समृद्धिमा महत्वपूर्ण कोसेढुङ्गो साबित हुन सक्थ्यो।

*क्रमश ...*

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# 'जामुनको रूख' नाटक अवलोकन



राराहिल स्कूलमा रहेको किपू दबू (कीर्तिपुर रङ्गमञ्च) मा मञ्चन भैरहेको "जामुनको रूख" नाटक कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले अवलोकन गर्नुभएको छ। माघ ४ गते भएको उक्त नाटकको अन्तिम प्रदर्शनमा अवलोकन पश्चात मेयर महर्जनले नाटकमा देखाइएको रूखले किचेर मृत्यु शैयामा रहेको पात्रलाई ईंगित गर्नुहुँदै त्यो पात्र यथार्थमा नेपाल आमा भएको अनुभूति भएको बताउनु भयो। हाम्रो देशमा पनि जस्को हातमा अधिकार छ, जस्ले गर्न सक्छ, त्यो पन्छिँदै गइरहेको र जस्ले सकिरहेको छैन तिनीहरू कराएरमात्र बस्नुपर्ने यथार्थ यस नाटकमा देखाइएकोले नाटक सान्दर्भिक भएको बताउनुहुँदै सबै कलाकारहरूले निकै मिहिनेत गर्नुभएकोले कलाकारहरू सबैलाई बधाई समेत दिनुभयो।

राम्रो फल जामुन फल्ने रूख ढली एक जना साधारण कवि किचिएको र त्यो कविलाई बचाउन सबै मिलेर रूखलाई पन्छाउनुको सट्टा त्यो रूख काट्न आवश्यक सिफारिस र सम्बन्धित विभाग वा मन्त्रालयको निर्णय पर्खनु पर्ने जसले गर्दा ढिलो भई सो कविको निधन भएको देखाउँदै नाटकमा नेपालको प्रशासन प्रति तिखो ब्यङ्ग्य देखाइएको छ। मृत्यु शैयामा पुगिरहेको कविलाई बचाउनको सट्टा आ-आफ्नै स्वार्थ बोकेका विभिन्न साहित्य संस्थाहरू र संचार माध्यमहरूप्रति पनि नाटकले ब्यङ्ग्य प्रहार गरेको छ।

केदार श्रेष्ठको लेखन, परिकल्पना तथा निर्देशन रहेको उक्त नाटक मञ्चन पश्चात भएको छोटो कार्यक्रममा सहभागी सम्पूर्ण कलाकारहरूलाई मेयर महर्जनले खादा ओढाई सम्मान गर्नुभएको थियो।

# उपमेयर खड्काद्वारा स्थलगत निरीक्षण

कीर्तिपुर नगरपालिका वडा नं. ४ मा फयूखानगरमा रिटेलिङ्ग वाल बनाइ बाटो बनाएको स्थलगत निरीक्षण गर्नुभयो। कीर्तिपुर नगरपालिकाका उपमयेर सरस्वती खड्काले माघ १ गते सो बाटोको स्थलगत निरीक्षण गर्नुभएको हो। उक्त बाटो धःपाबाट फयूखानगर हुँदै गाम्चा जानो बाटो हो।




Government of Nepal (GoN)

**Kirtipur Municipality**

**Office of the Municipal Executive**

## Invitation for Bids for the Nhyamha Sima Chok - Ajima Park Road Improvement

Contract Identification No: KRM – 25/076/077
Date of publication: 2076/09/23


1. ***Kirtipur Municipality*** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of **Nhyamha Sima Chok - Ajima Park Road Improvement** under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. 1,92,55,423.49 (*inclusive VAT).***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the Municipal Executive, Kirtipur Municipality, 014332205 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office of the Municipal Executive, Kirtipur Municipality, Kirtipur, Devdhoka, by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 3000/- till 2076/10/23 during office hours.
   Or
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Krishi Bikas Bank, Kirtipur
   Name of Office: Kirtipur Municipality, Office of the Municipal Executive
   Office Account no.: 0211100047277011
4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted to the office of the Municipal Executive, Kirtipur Municipality, Kirtipur, Devdhoka by hand or through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00, 2076/10/24. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00, 2076/10/24 at the office of the Municipal Executive, Kirtipur Municipality, Kirtipur, Devdhoka. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs. 4,80,000/-, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.


# ३ नं. वडाय् ऐतिहासिक ध्वाखा दयेके ज्या शुरु

ऐतिहासिक किपू देसय् चाकःलि गःपःखा दुगु खःसा उगु पःखाया थाय् थासय् दुहाँ पिहाँ जुइत ध्वाखा त नं दुगु खः। लिपांगु इलय् वया उगु पःखाः नं मदयावनसा ध्वाखा नं मदयावनेधुंकल। तर स्थानीय निकाय्स जनप्रतिनिधित वयेधुंकाः पुलांगु ऐतिहासिक ध्वाखात संरक्षण यायेमा धकाः न्हापा गन गन दुगु खः, अन अन हे पुलांगु नेवाः शैलिं ध्वाखात दयेकेज्या जुयाच्वंगु दु।

थ्वहे झ्वलय् किपू नगरपालिका वडा नं. ३ य् सागलं समल ट्याकी थहाँ वनेथाय् पाःचाय् पुलांगु शैलिं हे ध्वाखा दयेकेज्या जुयाच्वंगु दु। अन पुलांगु ध्वाखा दुगु खःसा आः ध्वाखाया अवशेष कथं ईलोहँ अझं दनी।

ध्वाखा दयेकेया लागिं उमेश महर्जनया नायःसुई





न्हयूम्हसिया समल ध्वाखा निर्माण उपभोक्ता समिति दयेका ज्या यानाच्वंगु खः। जनश्रमदान सहित कुल लागत रु.८,५४,३८८।- तकाया बजेटय् वंगु पुस २५ गते निसें ज्या शुरु जूगु खःसा वइगु चैत्र ३० गते दुने ध्वाखा दयेकेज्या क्वचाकेगु ज्याझ्वः दु।

लुमंकेबहःजू, किपुलिई ऐतिहासिक ध्वाखात झिंनिगू दु धाइगु खःसा उकि मध्ये हाल ३ नं. वडाय् लाःगु हितिगालय् च्वंगु पालिफः ध्वाखा, १० नं. वडाय् लाःगु चिथु ध्वाखा, १० नं. वडाय् हे लाःगु ध्वाकासिया ध्वाखा, ९ नं. वडाय् लाःगु बाहिरीगाऊँ ध्वाखा व १ नं.वडाय् लाःगु किपू रिङ्गरोड थ्यूगु ध्वाखा त दयेकेधुंकूगु दु।

---

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कीर्तिपुर, काठमाडौं**

## सिलबन्दी बोलपत्र आह्वानको प्रकाशित मिति सच्याइएको सूचना

**प्रकाशित मिति : २०७६/१०/०३**

यस कीर्तिपुर नगरपालिका वडा नं. ४ तामाङ्ग गाउँ (जगदेउ डाँडा स्थित कुमार लामाको घर माथी) मा खानेपानी ट्याङ्की निर्माण (KRM23/2076/077) को लीग राष्ट्रिय दैनिक नेपाल समाचार पत्रमा मिति २०७६/०९/११ गते प्रकाशित सिलबन्दी बोलपत्र आह्वानको सूचनामा प्रथम पटक प्रकाशित मिति २०७६/०९/११ हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**नगर सन्देश** कीर्तिपुर नगरपालिकाको बुलेटिन

ने.सं. ११४० पोहेलागा ११
वि.सं. २०७६ माघ ६ सोमवाः



# जोखिमय् लानाच्वंपिं मस्तयूत ग्वहालि याइगु



किपू नगरपालिका वडा नं. ३ यू च्वंगु बाल संरक्षण तथा सम्बर्द्धन समितिया मुँज्यां वडाय् दुपिं जोखिमय् लानाच्वंपिं मस्तयूत ग्वहालि यायेगु खँ क्वःछयूगु दु। समितिया न्हूधाः धुंकाया वंगु पुष २९ गते ३ नं. वडा ज्याकुथिइ च्वंगु न्हापांगु मुँज्यां थ्व निर्णय याःगु खः। मुँज्यां न्हापा हे क्वःछिनातयेधुंकूपिं जोखिमय् लानाच्वंपिं मस्तय् छेँजःपिंत जिविकोपार्जन यायेगु ज्याभ्वःत न्ह्याकेगु खँ क्वःछिनागु जानकारी ब्यूगु दु। अथेहे थप जोखिमय् लाःपिं मस्त म्हसिकेगु ज्या यायेगु नं धाःगु दु।

मस्तयूया नितिं ज्या यानाच्वंगु संस्था सिविनपाखें बाल संरक्षण आकस्मिक कोषयू ग्वहालि याइगु खँ न्ह्यथंसें स्कूल मवंपिं मस्त दुसा वया मांअबुपिंत स्कूल वनेमाःगु खँयू परामर्श बीगु व बालमनोबैज्ञानिक परामर्श तालिम कयादीपिंपाखें परामर्श बीकेगु खँ न्ह्यथंगु दु।

# गांचाय् वा व चुं क्यलीगु मेशिनया उलेज्या

किपुलिई स्याबजि गामं नां जाःगु किपू नगरपालिका वडा नं. ४ यू च्वंगु गांचाय् वा क्यलीगु व चुं क्यलीगु मेशिनया उलेज्या जूगु दु। किपू नगरपालिकाया मेयर रमेश महर्जनं माघ ४ गते शनिवाः उगु मेशिनया नैक्याः तछ्याना उलेज्या यानादीगु खः। स्याबजि तथा लाभा उत्पादक समूह नांतयाः दयेकातःगु छगू पुचलं स्याबजि उत्पादन यानाच्वंगु खःसा आःवया वा व चुं क्यलीकथं उगु मेशिन हया ज्या यायेगु शुरु याःगु खः। उगु मेशिन हयेया नितिं किपू नगरपालिकां ग्वहालि याःगु खः।



मेशिन उलेज्याभ्रूवःया मूपाहाँ मेयर महर्जनं किपूया गांचाया परम्परागत पेशायात त्वःमतूसे ज्या यानादीत इनाप यानादिल। थःगु म्हसिका वा थायूया म्हसिका दुगु थुगु गांचाया परम्परागत ज्यायात निरन्तरता बियाः च्वनेत इनापयासें थुकीया लागि माःकथं बजाःदयेकेत व थनं उत्पादन जुइगु ज्वलंया व्यवस्थापनया लागि मेमेगु तालिम त माःसां नं नगपालिकापाखें ग्वहालि यायेगु बचं बियादिल।

ग्वसाःखलः स्याबजि तथा लाभा उत्पादक समूहया नायः रामभक्त महर्जनया सभानायःसुई जूगु ज्याभ्वलय् असल छिमेकिया मनोज न्यौपाने, वर्ल्ड भिजनया कृष्ण ढकाल, ४ नं. वडाया दुजः सुरेन्द्र बाँस्कोटा, केदार बुढाथोकिपिंसं नं थःथःगु नुगः खँ तयादीगु खः।

**कीर्तिपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

## रोजगार संयोजक करारमा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७६।०९।२४

यस कीर्तिपुर नगरपालिका, नगरकार्यपालिका कार्यालयको लागि रोजगार संयोजक पद (छैठौं तह) मा **रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६** अनुसार पदपूर्ति गर्नुपर्ने भइकोले इच्छुक तपशिलबमोजिम योग्यता पुगेका व्यक्तिलाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयभित्र दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

क) योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातह तह वा सो सरह उत्तीर्ण गरेको।

ख) उमेर : २०७६ माघ ९ गतेसम्म २१ वर्ष पूरा भै ४५ वर्ष ननाघेको

ग) छनौटका आधार : सूचिकरण, लिखित (सेवा सम्बन्धी) , कम्प्युटर सम्बन्धी परीक्षा र अन्तरवार्ता

घ) पाठ्यक्रम : रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा ९ बमोजिम

ङ) सेवा शर्त सुविधा : छैठौं तहले पाउने सुरु तलब स्केल बराबरको तलब, स्थानीय भत्ता, पोशाक भत्ता, र चाडपर्व खर्च (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तोके बमोजिम)

च) दरखास्त दस्तुर : रु. १०००।- (एक हजार)

छ) दरखास्त फाराम बुझाउने अन्तिम म्याद : मिति २०७६।१०।०९ गते बिहिवार कार्यलय समयसम्म हुनेछ।

ज) दरखास्त दिने अन्तिम दिनसम्ममा दर्ता हुन आएका आवेदहरुको सूचिकरण भै सूचिकरणमा पर्न सफल उम्मेवारहरुको लिखित (सेवा सम्बन्धी), कम्प्यूटर सम्बन्धी परीक्षाको मिति तोकिनेछ।

झ) संलग्न हुनुपर्ने कागजातहरु : नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, न्युनतम शैक्षिक योग्यताको प्रतिलिपी

ञ) दरखास्त फाराम रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्डप, २०७६ को अनुसूची १ बमोजिम हुनेछ र फाराम कार्यालयको website, http://kirtipurmun.gov.np बाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

ट) यस सम्बन्धी अन्य कुराहरु रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ मा तोकिए बमोजिम हुनेछ।

ठ) अन्य थप विस्तृत जानकारिका लागि कीर्तिपुर नगरपालिकाको सम्पर्क नं. ०१४३३१६९३, ०१४३३१८०५ वा ईमैल : ict.munkirtipur@gmail.com मा सम्पर्क गर्न सकिनेछ।

**कीर्तिपुर नगरपालिका**

**देवढोका, कीर्तिपुर**



प्रदेश नं. ३ को नाम वागमती र राजधानी हेटौंडा कायम भएतापनि संविधान अनुरुप प्रादेशिक भाषामा नेपालभाषा र तामाङ्ग भाषालाई सरकारी कामकाजको भाषा बनाउन प्रदेश नं. ३ का सभामुख सानुकुमार श्रेष्ठलाई वहाँकै कार्यकक्षमा ध्यानाकर्षण गराउनु हुँदै कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन साथै मध्यपुर थिमि नगरपालिकाका मेयर मदनसुन्दर श्रेष्ठ। *तस्बिर : प्रदेश नं. ३ सभामुख सचिवालय*

# दोश्रो ल्होछार कप खुला फुटबल प्रतियोगिताको मेयर महर्जनद्वारा उद्घाटन



आदिवासी जनजाती तामाङ्गहरूको २८५६ औं जिवा लो नयाँवर्षको उपलक्ष्यमा फुटबल प्रतियोगिता शुरु भएको छ। कीर्तिपुर नगरपालिका वडा नं. ४ स्थित कीर्ति खेलकुद् समाजद्वारा आयोजित दोश्रो ल्होछार कप खुला फुटबल प्रतियोगिता २०७६ को कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले खेलाडीलाई बल हस्तान्तरण गरी उद्घाटन गर्नुभयो। बाघ भैरव माध्यामिक विद्यालयको खेलमैदान, गोदाम चौरमा माघ ४ गते खेलको उद्घाटन गर्नुभएको हो।

प्रमुख अतिथि मेयर महर्जनले खेलकुद् क्षेत्र भनेको कुनै धर्म, जातजाति र भाषभाषीले प्राथमिता पाउने नभई स्वास्थ्यको लागि खेलकुद् सबैको लागि खेलकुद् र राष्ट्रको लागि खेलकुद भएको उल्लेख गर्नुभयो। खेलले हाम्रो मानसिक र शारीरिक स्वास्थ्यका साथसाथै सामाजिक स्वस्थलाई पनि कायम राख्ने भएकोले नयाँवर्षको उपलक्ष्यमा फुटबल प्रतियोगितको आयोजना गरी खेललाई संस्कृतिसँग जोड्न लाग्नुभएको निक्कै नै सकारात्मक कार्य भएको बताउनुहुँदै यस्तो कार्यलाई विगतमा झैं यसपाली पनि कीर्तिपुर नगरपालिकाले सहयोग गर्ने बताउनु भयो। कीर्तिपुर नगरपालिकाले पनि खेललाई निकै महत्त्वका साथ अगाडि बढाइरहेको जानकारी गराउनुहुँदै गत वर्ष देखि मेयर कप शुरु गरेको र यस वर्ष पनि निरन्तरता हुने जानकारी गराउनुभयो। मेयर कप खेल मध्ये फुटबल, भलिबल, चेस, ब्याडमिण्टन जस्ता ५/६ वटा खेलहरूलाई विशेष प्रशिक्षणको कार्यक्रम समेत गरी कीर्तिपुर नगरपालिकाले पनि खेलाडीहरू उत्पादन गर्ने काम गर्न लागेको बताउनुभयो। युवा शक्ति भनेको देशको महत्त्वपूर्ण अंग भएकोले युवालाई कुनै न कुनै काममा लगाइरहनु जरुरी छ भन्नुहुँदै कीर्ति खेलकुद् समाजले खेलमा बाहेक आफ्नो संस्कृति संरक्षण र सामाजिक परिवर्तनको कार्यमा समेत लागि रहेकोमा पनि धन्यवाद् दिनु भयो।

तामाङ्ग सुधार समाजका अध्यक्ष कुमार लामाको सभापतित्वमा सम्पन्न उद्घाटन कार्यक्रममा कीर्तिपुर नगरपालिका वडा नं. ४ का अध्यक्ष राजेन्द्र बानियाँ, वरिष्ठ अधिवक्ता राजु बस्नेतले पनि आ-आफ्नो मन्तव्य राख्नु भएको थियो। कार्यक्रम आयोजकका अध्यक्ष विजय तामाङ्गले सञ्चालन गर्नुभएको थियो।

२२ टिमले भाग लिएको यस प्रतियोगिता 5A side को आधारमा खेलाइने छ भने रेफ्रीमा एन्फाका ज्ञान तामाङ्ग र एलिना शाही ठकुरी हुनुहुन्छ। उद्घाटन खेल नयाँ नेपाल टीम र कीर्ति "ए" बिच भएको थियो भने फाइनल खेल माघ ११ गते हुने जनाएको छ।

# उपत्यकाव्यापी विद्यालय स्तरीय खो-खो खेल सम्पन्न



काठमाडौं जिल्ला खो-खो संघको आयोजनामा भैरहेको चौथो उपत्यकाव्यापी विद्यालय स्तरीय छात्र/छात्रा खो-खो प्रतियोगिता - २०७६ सम्पन्न भएको छ। कीर्तिपुर कभर्ड हलमा माघ २ गते नेपाल खो-खो संघका उपाध्यक्ष प्रदीप महर्जनले उद्घाटन गर्नुभएको खो-खो खेलको माघ ४ गते फाइनल खेल भएको थियो।

छात्राका ७ टिम र छात्रका ८ टिम गरी उपत्यकाका ८ विद्यालयका १५ टिमले भाग लिएको उक्त प्रतियोगितामा छात्रतर्फ जनसेवा माध्यामिक विद्यालय प्रथम, कुमुदिनी कुञ्ज द्वितीय र शान्ति निकुञ्ज माध्यामिक विद्यालय तृतीय भएको थियो भने छात्रातर्फ मंगल माध्यामिक विद्यालय प्रथम, एशियन ग्यालेक्सी द्वितीय र शान्ति निकुञ्ज माध्यामिक विद्यालय तृतीय भएको थियो।

विजयी खेलाडीहरूलाई एक कार्यक्रमका बीच कीर्तिपुर नगरपापलिकाका मेयर रमेश महर्जनले शिल्ड प्रदान गर्नुभएको थियो। खेलकुद् हाम्रो जीवनको अभिन्न अंग भएको बताउनु हुँदै मेयर महर्जनले विद्यार्थीहरूले जसरी आफ्नो पढाइलाई निरन्तरता दिनुपर्ने हो, त्यसरी नै खेलकुद्लाई पनि निरन्तरता दिनु पर्ने आवश्यक रहेको बताउनु भयो। नेपालमा अहिले खेलकुद् पनि व्यवसायिक रुपले अगाडि बढिरहेको उल्लेख गर्नुहुँदै भर्खरै नेपालमा सम्पन्न दक्षिण एशियाली खेलकुद् (साग)मा नेपालले ५० भन्दा बढी स्वर्णपदक जितेकोले विजयी खेलाडीहरूलाई नेपाल सरकारले नगदसहित सम्मान गरेको स्मरण गर्नुभयो। सहभागी सबै खेलाडीहरूलाई बधाई दिंदै आयोजक काठमाडौं जिल्ला खो-खो संघलाई पनि मेयर महर्जनले धन्यवाद् ज्ञापन गर्नुभएको थियो।

## बोलपत्र कागजात संशोधन गरिएको सूचना

**प्रकाशित मिति : २०७६/०९/२२**

यस कीर्तिपुर नगरपालिका वडा नं. ६, स्थित चोभारमा ६ नं. वडा कार्यालय भवन निर्माणको लागि मिति २०७६/०९/१४ गते प्रकाशित बोलपत्र आह्वानको सूचना तथा बोलपत्र कागजातहरू नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सार्वजनिक खरिद अनुगमनको कार्यालय, ताहाचल,काठमाडौंबाट मिति २०७६/०९/१५ गते प्रकाशित सम्पूर्ण सार्वजनिक निकाय र बोलपत्रदाताहरूको लागि अत्यन्त जरुरी सूचना तथा सार्वजनिक खरिद नियमावली २०६४ को नवौं संशोधन बमोजिम संशोधन गर्नुका साथै बोलपत्र आह्वान गर्दा बोलपत्र खोल्ने मिति २०७६/१०/१५ गते दिनको ४:०० हुनु पर्नेमा अन्यथा हुन गएकोले सो समेत सच्याईएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

## Invitation for Bids

Government of Nepal (GoN)
**Kirtipur Municipality, Office of the Municipal Executive**
Invitation for Bids for the **Amritnagar - Maitry Nagar-Nepal Bhasa Academy Road Improvement**
Contract Identification No: KRM – 26/076/077
Date of publication: 2076/09/24

1. Kirtipur Municipality ***has allocated funds or received a grant*** from Ministry of Finance towards the cost of **Amritnagar - Maitry Nagar-Nepal Bhasa Academy Road Improvement** and intends to apply part of the funds to cover eligible payments under the same contract.Bidding is open to all eligible as per Section V of bidding document.
2. Kirtipur Municipalityinvites electronic bids from eligible bidders for the construction of **Amritnagar - Maitry Nagar-Nepal Bhasa Academy Road Improvement**under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:

   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 4,30,00,000/- (FourCrore Thirty Lakh Only)
3. Minimum Work experience of similar size and nature: 2 projects, each with a value of at least NRs 2,30,00,000/- that have been successfully or are substantially completed and that are similar to the proposed works.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Municipal Executive, Kirtipur Municipality, Devdhoka, email:- ict.munkirtipur@gmail.com , ***Telephone:- 014332205***or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidders need to download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp and submitting their bid electronically, should deposit the cost of bidding document NRS. 5,000/- in the Project's Rajaswa (revenue) account as specified below.

   Name of the Bank: KrishiBikas Bank, Kirtipur
   Name of Office: Kirtipur Municipality, Office of the Municipal Executive
   Office Account no.: 0211100047277011
6. Pre-bid meeting shall not be held.
7. Electronic bids must be submitted to the office Kirtipur Municipality, Office of the Municipal Executive, Devdhoka-02 through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00, on 2076/10/26. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 16:00 on 2076/10/26 at the office of Kirtipur Municipality, Office of the Municipal Executive, Devdhoka-02. Bids must be valid for a period of 90 ***Days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of Rs. 7,25,000/- (Seven Lakh Twenty Five Thousand only), which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# त्रिभुवन विश्वविद्यालय उत्कृष्टताको केन्द्र बनोस् : मेयर महर्जन




त्रिभुवन विश्वविद्यालय लायन्स रक्त संचार तथा अनुसन्धान केन्द्रको चौथो वार्षिक साधारण सभा सम्पन्न भएको छ। गत पुस २९ गते त्रिवि स्थित आफ्नै भवनमा भएको साधारण सभाको त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा.धर्मकान्त वास्कोटाले पानसमा बत्ती बालेर उद्घाटन गर्नुभएको थियो। कार्यक्रममा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, त्रिविका पूर्व उपकुलपति प्रा.डा. हिराबहादुर महर्जन, ब्लड बैंकका निर्देशक डा.मनिता राजकर्णिकार, ब्लोडानका अध्यक्ष ई. सानुबाबु प्रजापति सहितको उपस्थिति रहेको थियो।

कार्यक्रममा अतिथिको आसनबाट बोल्नुहुँदै कीर्तिपुर नगरपालिकाका मेयर महर्जनले त्रिभुवन विश्वविद्यालय लायन्स रक्त संचार तथा अनुसन्धान केन्द्रको चौथो वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नुहुँदै आफूपनि २०४४/०४५ सालदेखि नै रक्त संचारको अभियन्ताको रूपमा काम गरिरहेको बताउनु भयो। कीर्तिपुरको थांबाहाल ल्यायूम्ह पुचःको अध्यक्ष भएको बेला ब्लड डोनर्स क्लब बनाएको बताउनुहुँदै हाल ब्लोडान भएको जानकारी गराउनु भयो। लायन्स क्लबले अरु गतिविधि जस्तै रक्त संचारका कार्यक्रमलाई विशेष रुपमा गरिरहेको र २०७२ सालपछि तत्कालीन उपकुलपति प्रा.डा. हिराबहादुर महर्जनले लायन्स क्लबलाई रक्त संचारको अनुसन्धान केन्द्रको रूपमा विकास गर्न जग्गा उपलब्ध गराएको स्मरण गर्नुभयो। यसबाट कीर्तिपुरका जनताले पनि सहज ढंगबाट सेवा लिन सक्ने विश्वास प्रकट गर्दै कार्यक्रममा प्रमुख अतिथि त्रिविका उपकुलपति प्रा.डा. वास्कोटालाई त्रिवि पहिलेभन्दा धेरै नै राम्रो भइरहेको तैपनि कहिलेकाहीँ त्रिवि भनेको बेरोजगारहरू उत्पादन गर्ने कारखाना भएको भन्ने टिप्पणीहरू हुने गरेकोले यसमा ध्यानदिन अनुरोध गर्नुभयो।

त्रिभुवन विश्वविद्यालय लायन्स रक्त संचार तथा अनुसन्धान केन्द्रका अध्यक्ष रुद्रहरी ज्ञवालीको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि उपकुलपति प्रा.डा. वास्कोटाले पूर्व उपकुलपति प्रा.डा. हिराबहादुर महर्जनलाई त्रि.वि. लायन्स रक्त संचार तथा अनुसन्धान केन्द्रको आजीवन सदस्यता प्रदान गर्नुभएको थियो।

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● **Facebook** : facebook.com/kirtipurmun ● **Facebook** : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com